**बैठक संख्या :७९**

आज मिति २०७८/०२/०२ गते.........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | सबिता |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | पुष्पा |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २५ | श्री रविन्द्रनाथ ठाकुर | अध्यक्ष- भादुरी होम | |

२६ श्री गुन्जन कुमार गुप्ता अध्यक्ष - निर्माण व्याव. संघ

२७ श्री उमेश प्रसाद गुप्ता स्वास्थ्य संयोजक

**बैठकका एजेन्डाहरु :**

१. अक्सिजन प्लान्ट व्यवस्थापनको लागि प्रदेश सरकारसँग साझेदारी सम्बन्धमा ।

२. अक्सिजन प्लान्ट व्यवस्थापनको लागि बजेट विनियोजन सम्बन्धमा ।

३. कोरोनाबाट मृत्यु भएको शव व्यवस्थापन सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरु**

१. कोभिड-१९ को दोस्रो भेरिएण्ट सहितको कोरोना महामारीको कारण यस नगरपालिकामा अत्याधिक विरामीहरुको चाप परेको तर प्रयाप्त मात्रामा अक्सिजनको अभावमा दिनहुँ कैयौं व्यक्तिको मृत्यु भइरहेको परिप्रेक्ष्यमा लुम्बिनी प्रदेश सरकार र कपिलवस्तु नगरपालिकाको लागत साझेदारीमा तत्काल अक्सिजन प्लान्ट स्थापना गर्न लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. लुम्बिनी प्रदेश सरकारबाट तत्काल लागत साझेदारीमा अक्सिजन प्लान्ट स्थापनामा सहकार्य हुन नसक्ने भएमा कोभिड-१९ को महामारीको विशेष परिस्थितिमा तत्काल छिटो प्रक्रियाबाट कानून बमोजिम गर्न सक्ने प्रक्रिया पूरा गरी कपिलवस्तु नगरपालिका आफैले अक्सिजन प्लान्ट स्थापना गरी अक्सिजनको सुलभ आपूर्तीको व्यवस्था मिलाउने तथा पछि नगरसभाबाट अनुमोदन हुने गरी हाललाई रु. १ (एक) करोड बजेट विनियोजन गर्ने निर्णय गरियो ।

३. कोभिड-१९ को कारणबाट यस नगरपालिकामा मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) शव व्यवस्थापनको लागि आवश्यक पर्ने दाउरा, पि.पि.इ. सेट, प्लास्टिक, मास्क, पञ्जा, सेनिटाइजर लगायतका अन्य आवश्यक सामाग्री खरिद गर्ने ।

(ख) नगरपालिकामा उपलब्ध भएको ट्रयाक्टरका ड्राइभरबाट शवको ओसारपोसार गर्ने, ट्रयाक्टरका ड्राइभर राजेन्द्र बारीले तिन वटै ड्राइभरलाई पालैपालो काममा खटाउने, कुनै ड्राइभरले अटेरी गरेको खण्डमा तत्काल निजलाई सेवाबाट हटाइ अर्को ड्राइभरको व्यवस्था मिलाउने ।

(ग) आवश्यक परेको खण्डमा नगरपालिकाको जे.सि.बि. समेतलाई प्रयोग गर्ने ।

(घ) शवलाई ऱ्यापिङ्ग गरी ट्रयाक्टरमा राख्ने र ट्रयाक्टरबाट झिकी चिता सम्म लगेर राख्ने कर्मचारीलाई प्रति शव रु. ६००/- (छ सय), घाट सम्म पुऱ्याउने ट्रयाक्टर चालक तथा जे.सि.बि. चालकलाई प्रति शव रु. ३००/- (तीन सय) तथा घाटमा चिहान बनाई सतगत गर्नेलाई प्रति शव रु. ५००/- (पाँच सय) का दरले प्रोत्साहन रकम उपलब्ध गराउने ।

(ङ) शव व्यवस्थापन गर्न खटिएका सबै कर्मचारीलाई कोभिड संक्रमण भएमा तिनीहरुको सम्पूर्ण उपचार नगरपालिकाले गर्ने, सोही कारणबाट कुनै कर्मचारीको मृत्यु भएमा अन्य पाउने सुविधाको अतिरिक्त थप रु. १ (एक) लाख नगरपालिकाबाट उपलब्ध गराउने ।

**विविध निर्णय**

४. मिति २०७८/१/५ गतेका दिन ५० प्रतिशत अनुदानमा उन्नत धानको वीउ वितरण कार्यक्रम संचालनका लागि वीउ माग सम्बन्धि प्रकाशित सूचना अनुसार तोकिएको उन्नत धानको वीउ लिन इच्छुक १२ जना कृषक, कृषक समुह , सहकारी तथा फार्महरुले माग गरे अनुसार राम धान तथा सावा मंसुली सब-१ माग बमोजिम नै छनौट हुने आपूर्ति कर्ताबाट ५० प्रतिशत लागत साझेदारीमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित ।

२०७८।१।२